आर्थिक वर्ष २०८१/८२ को

# नीति तथा कार्यक्रम

**आठविसकोट नगरपालिका**

**रुकुम(पश्चिम)**

**कर्णाली प्रदेश, नेपाल**

**२०८१**

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

# नगर सभाको बैठकमा मिति २०८१ साल असार १० गते सोमवार
# नगर प्रमुख श्री रवि के.सी. द्वारा  प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम

आठविसकोट नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

रुकुम (पश्चिम), कर्णाली प्रदेश

नेपाल

२०८१

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

**नगर उपप्रमुख ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**

१. आठविसकोट नगरपालिकाको गरिमामय संस्था आठविसकोट नगर सभामा आ. व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु। यस अवसरमा नेपालको स्वाधिनता, स्वतन्त्रता र परिवर्तनका लागि भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, प्रदेश स्थापना लगाएतका विभिन्न जनसङ्घर्षमा शहादत प्राप्त गर्ने महान शहीदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता पारिएका योद्धाहरुको विशेष स्मरण गर्दै घाइते अपाङ्गता भएका योद्धाहरुप्रति विशेष सम्मान प्रकट गर्दछु। राजनैतिक आन्दोलनमा अहम् भूमिका खेल्ने परिवर्तनकारी जनसमुदाय तथा त्यसको अगुवाई गर्ने नेतृत्व वर्गमा उच्च सम्मान तथा योगदानको कदर गर्दछु।

२. यही मिति २०८० साल कार्तिक १७ गते जाजरकोट जिल्लाको रामिडाँडा केन्द्रविन्दु भई गएको भूकम्पमा परी ज्यान गुमाएका यस नगरपालिकाका ४४ जना सहित सबै मृतकहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । भूकम्पमा परी घाइते भएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। उद्दार, राहत र पुनर्स्थापना कार्यमा प्रत्यक्ष/परोक्ष रुपमा खटिने तथा योगदान गर्ने सबै-सबैलाई धन्यवाद दिन चाहन्छु।

३. नगरपालिकाको विपद् व्यवस्थापन कोषमा आफ्नो गाँस काटेर नगद जम्मा गर्ने शिक्षक, कर्मचारी, जनप्रतिनिधि, अन्य व्यक्ति, संघ संस्था सबै-सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

४. सामाजिक र भौतिक विकास गर्दै सुशासन र सामाजिक न्यायसहितको समाजवाद स्थापनाको आधार तयार गर्न आवश्यक पर्ने आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणका लागि विशेष गरी भुकम्प पछिको पुनःनिर्माण तथा पुनःस्थापना, उत्पादन र उत्पादकत्वमा वृद्धि, उद्यमशीलताको विकास, रोजगारी सिर्जना तथा सामाजिक न्याय र गरिबी न्युनिकरणका क्रियाकलापमा यो नीति तथा कार्यक्रम केन्द्रित रहेको छ।

५. **नेपालको संविधान, नेपाल सरकारको १६ औं आवधिक योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणा पत्र र आठविसकोट नगरपालिकाका विगतका वर्षका सफल नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिंदै पुनःनिर्माण तथा पुनःस्थापना, कृषि, पशुपालन तथा उत्पादन, उद्यमशीलता, शिक्षा, स्वास्थ्य तथा रोजगारी सिर्जनामा आधारित** रही यो नीति तथा कार्यक्रम तय गरिएको छ।

**उपस्थित नगर सभाका सदस्य ज्यूहरु,**

**(क) भुकम्प पछिको पुनःनिर्माण**

१. मिति २०८० साल कार्तिक १७ गते जाजरकोट जिल्लाको रामिडाँडा केन्द्रविन्दु भई गएको विनासकारी भुकम्पबाट मानविय एवम् भौतिक क्षतिले विक्षिप्त भएको यस नगरपालिकालाई संघीय सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकायहरुको सहयोगमा भुकम्प प्रतिरोधि नीजि आवास तथा सार्वजनिक संरचनाहरु निर्माण गर्न पुनः निर्माण विशेष कार्यक्रम संचालन गरिने छ।

२. **“सुरक्षित आवास निर्माणः नगरवासीको योगदान”** भन्ने मान्यताका साथ यस नगरपालिकाका सवै युवाहरुलाई पुनःनिर्माण कार्यक्रममा जोडिने व्यवस्था मिलाइने छ।

**(ख) कृषि तथा पशुपालन**

३. कृषिको दिगो विकासको लागि धान, गहुँ, मकै, तरकारी र मसलाजन्य बालीहरुको वीउविजन वृद्धि गर्ने तथा उत्पादन वृहत पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्दै उत्पादनमा सहभागी इच्छुक कृषक, कृषि फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारीसँग प्रदेश र संघीय सरकारको सहकार्यमा पकेट, ब्लक विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४. **"आठविसकोटको कृषि उत्पादन, कृषकहरुलाई प्रोत्साहन"** भन्ने मान्यताका साथ आठविसकोट नगरपालिका क्षेत्रका कृषि पेशामा संग्लग्न कृषक, कृषि फर्म, कृषक समूह, कृषि कम्पनी र कृषि सहकारीहरुलाई उत्पादन परिमाणका आधारमा सङ्कलन, ढुवानी तथा बजारीकरणमा प्रोत्साहनको व्यवस्था गरिनेछ।

५. **"एक टोल एक सामुहिक उत्पादन, एक वडा एक विशेष उत्पादन"** नीति मार्फत यस नगरपालिकाका कृषकहरुलाई आर्थिक रुपमा आत्मनिर्भर गराइनेछ।

६. कृषि र पशु सेवाको कामकाज जनताको घर नजिकवाट प्रदान गर्नको लागि आठविसकोट नगरपालिका आर्थिक विकास शाखा अन्तर्गत स्थापित आधारभुत कृषि तथा पशु सेवा केन्द्र सुविधा सम्पन्न गराउनको लागि आवश्यक सामाग्री र प्राविधिकहरुको दक्षता र क्षमतामा अभिवृद्धि गरिनेछ।

७. नगरपालिकाको भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा प्रदेश र संघ सरकारको सहकार्यमा उपयुक्त सिचाई प्रविधि जस्तै साना सिचाई, प्लाष्टिक सिचाई, थोपा सिचाई, कुलो सिचाई र सिचाई मर्मत सम्भार मार्फत वर्षैभरी सिचाई सुविधा उपलव्ध गराइनेछ।

८. **"आफु खाऔ, आफ्नो सन्ततिको लागि पनि बचाउ"** भन्ने मान्यताका साथ यस आठविसकोट नगरपालिकामा रैथाने वाली कोदोको भण्डारण र संरक्षण गर्नको लागि एक खाद्य भण्डार गृहको स्थापना गरिनेछ।

९. कृषि उत्पादनमा हुने जोखिम न्युनिकरण गर्नको लागि असिना, रोग, किराबाट वालीनालिमा हुने आकस्मिक क्षतिको सम्वोधन, अनुदान कार्यक्रममा विमा अनिवार्य गरिने र सवै कृषिजन्य उत्पादनमा वीमा वनाउन प्रोत्साहन गरिनेछ।

१०. कृषकहरुलाई सम्मान र कृषि पेशालाई मर्यादित बनाउनको लागि उत्कृष्ट कृषक, समुह र सहकारीलाई नगर प्रमुख उत्कृष्ट कृषि पुरस्कार तथा किसान सूचीकरण प्रणालीमा आवद्ध गर्ने व्यवस्था गरिनेछ।

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

११. **"प्राङ्गारिक उत्पादनमा वृद्धि, आठविसकोट नगरपालिकाको समृद्धि"** भन्ने नाराको साथ प्राङ्गारिक मल, गोठेमल, जैविक विषादि उत्पादनमा तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. **"आठविसकोटमा उत्पादन र उत्पादकत्वमा वृद्धि, कृषिमा समृद्धि"** भन्ने मुल मान्यताका साथ खाद्यान्न वाली ,तरकारीको वीउ प्रतिस्थापन दरमा वृद्धि गर्नको लागि उन्नत वीउ, मूल वीउ ,तरकारीको वीउ तथा फलफुलको विरुवा वितरणमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरिनेछ । साथै, कृषकहरुले उत्पादन गरेको कृषि वस्तुलाई बजारिकरणको सहजताको लागि तरकारी तथा फलफुल संकलन केन्द्रको स्थापना गरी न्युनतम समर्थन मूल्य तोकी बजार मुल्यमा एकरुपता र हाट वजारको व्यवस्था गरिनेछ ।

१३. संघ र प्रदेशको समन्वयमा घुम्ती कृषि प्राविधिक सहयोग कार्यक्रम लागु गरिनेछ ।

१४. **"समृद्ध कर्णाली सुखारी कर्णालीवासी"** अन्तरगत समृद्ध आठविसकोट सुखारी आठविसकोट बनाउन कृषि पशुपालन कार्यलाई व्यवसायीकरण गर्न प्रोत्साहन गरिनेछ ।

१५. फुजी स्याउ, किवी अंगुर आप सुन्तला जस्ता फलफूल खेती गर्ने किसानलाई प्रोत्साहित गर्न किसानलाई उत्पादनका आधारमा अनुदान दिने कार्यक्रम संचालन गरिने छ ।

१६. दुध उत्पादनका आधारमा किसानलाई अनुदान दिने कार्यक्रम संचालन गरिने छ ।

१७. पशुपालन व्यवसायलाई व्यवसायिककरण, आधुनिकिकरण, विविधकरण, यान्त्रिकरण गरी आयात प्रतिस्थापन गर्ने, आत्मनिर्भर बनाउदै खसी बोका, लोकल कुखुरा र दुग्धजन्य पदार्थको निर्यात दर बढाउन , रोजगारी स्थापना गर्ने, पशुपालनलाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ ।

१८. पशु सेवा केन्द्रमा कल सेन्टर (टोल फ्रि सेवा) स्थापना गरी कृषकको खोर गोठमा पशु सेवा प्राविधिकहरुलाई सक्रिय बनाई पशु सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. नगरपालिकाका सबै घरघरमा उपचार सेवा पुर्याउनको लागी एक वडा एक पशु सेवा प्राविधिकहरुलाई क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरी कृषकको खोर गोठमा गई उपचार सेवा उपलब्ध गरिनेछ ।

२०. पशुपालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छी श्रोतकेन्द्रको रुपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छीजन्य वस्तु जस्तै, दुध, फुल, मासुको उत्पादनमा वृद्धि गरिनेछ ।

२१. व्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फर्मको सुरक्षा तथा नयाँ फर्मको स्थापना र विस्तारमा उत्प्रेरित गर्न नगर प्रमुख युवा लक्षित फर्म प्रवर्द्धन कार्यक्रमलाई (बाख्रा, भैसी, माछा, कुखुरा र बंगुर) निरन्तरता र नयाँ विस्तार गरिदै लगिनेछ ।

२२. पशुपन्छीमा फैलिने महामारी रोगहरुको उपचारका लागी उपचार सेवामा तत्काल आवश्यक औषधि सहित पशु स्वास्थ्य प्राविधिकहरुलाई परिचालन गरिनेछ ।

२३. पशु आहार सुधार गर्न तथा उत्पादनमा लागत कम गराउन स्थानीय स्तरमा दाना बनाई प्रयोग गराउने घाँस खेती, घाँसको श्रोत विस्तार गर्न, घाँसको नर्सरी व्यवस्थापन जस्ता कार्यक्रमलाई जोड दिईनेछ।

२४. देशैभरी फैलिएको रेविज रोग नियन्त्रण गर्नको लागि बाह्रै महिना प्रर्याप्त मात्रामा रेविज खोप उपलब्ध गरिनेछ ।

२५. हाल गाई/भैसीमा महामारीको रुपमा फैलिएको लम्पी स्किन रोग, भेडाबाख्रामा लाग्ने पि.पि.आर. रोग, खोरेत रोग र कुखुरामा लाग्ने रोगको लागि खोपहरु उपलब्ध गराइनेछ।

२६. गत वर्षमा महामारी लम्पी स्किन रोगले गाई गोरु क्षेत विच्छेद भएको हुनाले लोकल गाईको कार्यक्रमलाई विस्तार गरिनेछ।

२७. पशु विमा र बाली विमा लागू गर्न ५०% अनुदानको कार्यक्रम सञ्चालन गरिनेछ।

२८. कृषकको घर दैलोमा गएर गाई/भैसी र भेडा/बाख्रामा कृत्रिम गर्भ परिक्षण गरिनेछ।

२९. दुधमा आत्मनिर्भर बन्नको लागि प्रजनन साँढे/ राँगा खरिद तथा कृत्रिम गर्भाधान सेवालाई प्राथमिकता, मासुमा आत्मनिर्भरको लागि बाख्रा र कुखुरा विकास कार्यक्रमलाई जोड दिईनेछ।

३०. कृषकले उत्पादन गरेको आधारमा कृषक प्रोत्साहन कार्यक्रमलाई विशेष जोड दिइनेछ।

३१. कृषि तथा पशु सेवा भवन निर्माणको लागि जग्गा खरिद तथा भवन निर्माण कार्य तत्काल लागू गरिनेछ।

३२. वन्यजन्तु संरक्षणको लागि चोरी सिकारी नियन्त्रण गरी पानीको श्रोत नभएको स्थानमा पोखरी निर्माण गरिनेछ ।

३३. विशिष्ट जातका पन्छी पालन (कालिज, लौकाट र टर्की) कार्यक्रम जस्ता कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

३४. पशुपालन कृषकलाई व्यवसायिक बनाउन पालिका स्तर तथा स्थलगत रुपमा तालिम दिने व्यवस्था मिलाइनेछ।

**(ख) शिक्षा, युवा तथा खेलकूद**

३५. यस वर्ष संघीय सरकार र प्रदेश सरकारको सहयोगमा भुकम्पबाट क्षतिग्रस्त गोरखनाथ आ.वि. पाटागाउँ, ज्ञानोदय मा.वि. चौतारा, सरस्वती मा.वि. मिग्री, सूर्योदय मा.वि. होली, सिर्जना आ.वि. घर्तीगाउँ, कालिका मा.वि. सुन्दरपानी, बालकल्याण मा.वि. आठविसकोट, जनता मा.वि. झिन्चौर, जनकल्याण मा.वि. गोइरी, जनजागरण मा.वि. गाउँबारी, बालसेवा आ.वि. पिपलडाँडा, जनज्योती आ.वि. बाँके, आदर्श मा.वि. ज्यामिरकोट, बालसेवा आ.वि. माझगाउँ, नेपाल राष्ट्रिय मावि ठुलीबार्खु, नेपाल राष्ट्रिय मावि गत्तासैना, हिमालय मावि दाँजे, सिर्जना आवि पिपलचौर, सरस्वती आवि फर्साचौर साइकुमारी मावि रोकाजाखेत, नवीन आवि पहाडा लगाएतका निर्माणाधीन विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गरिनेछ।

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

३६. भुकम्प पश्चात बालबालिकाको सिकाइ निरन्तरताका लागि विद्यालयमा पठनपाठनको लागि उचित वातावरण बनाइनेछ । यसको लागि अस्थायी सिकाइ केन्द्र निर्माण, सिकाइ आपुरण तथा द्रुत सिकाइ कार्यक्रम, मनोसामाजिक परामर्श कार्यक्रम र विपद् पूर्व तयारी योजना निर्माण गरिनेछ ।

३७. विद्यालय शिक्षाको आधारको रुपमा रहेको प्रारम्भिक बालविकास केन्द्रलाई स्रोत साधनयुक्त बनाइनेछ । जसको लागि बालबिकास केन्द्रमा आवश्यक पर्ने सम्पुर्ण सिकाइ सामाग्रीको व्यवस्था मिलाइनेछ ।

३८. विद्यार्थीको अन्तर्निहित प्रतिभाको प्रष्फुटन गराउने वातावरण सिर्जना गरिनेछ । जसको लागि प्रतिभा पहिचान कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

३९. विद्यालयमा विद्यार्थीलाई ल्याउने, सिकाउने, टिकाउने वातावरण सृजना गरिनेछ । जसको लागि विपन्न तथा जेहेन्दार छात्रवृति कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

४०. हरेक सामुदायिक विद्यालयका शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइनेछ । जसको लागि क्रमश: हरेक विद्यालयमा विद्युतको आपूर्ति, विज्ञान तथा आइ. सि.टी. ल्याव स्थापना गरिनेछ ।

४१. हरेक विद्यालयलाई पूर्वाधारयुक्त विद्यालय बनाउने कार्यमा जोड दिई सिकाइमा गुणस्तर सुनिश्चित गरिनेछ । जसको लागि विद्यालय समायोजन कार्यलाई वस्तुगत, व्यवहारिक बनाई कार्यान्वयनमा ल्याइनेछ ।

४२. विद्यालयको पठनपाठन कार्य योजनावद्ध रुपमा सञ्चालन गर्न स्पष्ट मापदण्ड निर्माण गरिनेछ । जसको लागि हरेक विद्यालयमा पाठयक्रम, शिक्षक निर्देशिका, पाठयोजना आदिका आधारमा पठनपाठन कार्य सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४३. सामुदायिक विद्यालयमा अभिभावकको सक्रिय सहभागिताको सुनिश्चितता गरिनेछ । जसको लागि अभिभावक शिक्षा कार्यक्रम प्रभावकारी रुपमा लागु गरिनेछ ।

४४. प्रधानाध्यापकको नेतृत्व पुनरावलोकन गरिनेछ । जसको लागि प्रतिष्पर्धावाट प्रधानाध्यापक नियुक्ति गरी उत्कृष्टलाई प्रोत्साहनको साथ साथै खराबलाई  दण्ड गर्ने कार्यलाइ कडाइका साथ लागु गरिनेछ ।

४५. दलित, विपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षासम्म पँहुचको व्यवस्था गरिनेछ । जसको लागि छात्रवृतिको  कार्यक्रम संचालन गरिनेछ ।

४६. विद्यालयका शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ । जसको लागि पेशागत क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।

४७. नगरपालिकभित्रका सबै सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपात र शिक्षण सिकाई उपलब्धि लगायतको आधार बनाएर विद्यालय अनुदान कार्यक्रम संचालन गरिने छ ।

४८. पढदै कमाउदै कार्यक्रमलाई हरेक माध्यमिक विद्यालयमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४९. दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ । जसको लागि स्थानीय स्तरमा उत्पादित खाद्यवस्तु खरिद गरी विद्यालयमा दिवा खाजा खुवाउने व्यवस्था मिलाइनेछ ।

५०. संस्थागत विद्यालयहरुको शुल्क पुनरालोकन गरी वैज्ञानिक र मापदण्डमा आधारित बनाइने छ । नेपाल सरकारको नीति अनुसार १० प्रतिशत छात्रवृत्तिको व्यवस्था मिलाइने छ । सामुदायिक र संस्थागत विद्यालयहरुविच गुणस्तर विकासमा प्रतिस्पर्धा बनाउन संस्थागत विद्यालय संचालन नीति अवलम्वन गरिने छ ।

५१. आठविसकोट नगरपालिकाको भौगोलिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक क्षेत्रको चिनारीको लागि बनेको **"मेरो आठविसकोट"** पाठयपुस्तकलाई परिमार्जन गरी नि:शुल्क रुपमा वितरण हुने व्यवस्था मिलाइनेछ ।

५२. विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि नियमित रुपमा अनुगमन, मुल्याङ्कन र प्रतिवेदन गर्ने कार्यलाई तथ्यपरक, वस्तुपरक र वैज्ञानिक बनाइनेछ ।

५३. नगरपालिकाका समग्र युवा र विद्यार्थीको विकासको लागि **युवा/विद्यार्थीसंग नगर प्रमुख कार्यक्रम** संचालन गरिने छ ।

५४. राडीज्यूला शिक्षा क्याम्पसको पूर्वाधार निर्माण गरी प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाको रुपमा विकास गरिने छ ।

५५. राडीज्यूला शिक्षा क्याम्पसमा नगर उपप्रमुख छोरी बुहारी छात्रवृत्ती कार्यक्रम संचालन गरिने छ ।

**(ग) स्वास्थ्य, खानेपानी तथा सरसफाई**

५६. संघीय सरकारबाट प्राप्त सशर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको व्यवस्था गरी सर्वव्यापी पहुँचको अवधारणा अनुसार नगरपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।

५७. नगर अस्पताल, स्वास्थ्य चौकीहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु तथा शहरी स्वास्थ्य इकाईबाट प्रदान गरिंदै आएका स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय बनाउन र औषधी उपकणको अभाव हुन नदिने व्यवस्था मिलाईनेछ ।

५८. भूकम्पको कारणले क्षतिग्रस्त स्वास्थ्य संस्थाको पुनःनिर्माणका लागि आवश्यक बजेट स्थानीय स्रोत, संघीय सरकार, प्रदेश सरकार र दातृ निकायसँगको समन्वयमा सुनिश्चत गरिने तथा पुनःनिर्माण कार्य सम्पन्न गरिनेछ ।

५९. आठविसकोट नगर अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा, वहिरंग सेवा, अन्तरंग सेवा, पुनर्स्थापना सेवा र आँखा उपचार सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन अत्यावश्यक पर्ने श्रोत र जनशक्ति व्यवस्था गरिनेछ ।

६०. आठविसकोट नगर अस्पतालबाट विशेषज्ञ सेवा दिनका निम्ति हाडजोर्नी सेवा लगायत दुर चिकित्सा (Tele-medicine) सेवा थप व्यवस्थित गरि निरन्तरता दिइनेछ ।

६१. आठविसकोट नगर अस्पतालमा दन्त सेवा र पोष्टमार्टम (Postmortem) सेवा विस्तार गरिनेछ ।

६२. स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था साथै दातृ निकायहरुसंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा स्रोतको व्यवस्थापन गर्न पहल गरिनेछ ।

६३. आठविसकोट नगरपालिकामा स्वास्थ्य अनुसन्धानलाई प्राथमिकता दिइनेछ । साथै, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाइनेछ ।

६४. अति विपन्न, सिमान्तकृत तथा पछाडी परेका समुदायका गर्भवती, प्रसुती तथा ४२ दिनभित्रका सुत्केरी अवस्थाका जटिल समस्या भएका महिलाहरुको प्रेषण व्यवस्थापन गर्न पालिका भरी नि.शुल्क एम्वुलेन्स सेवा प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६५. प्रसुती केन्द्रमा सुत्केरी हुन आउने आमाहरुलाई उचित खानपान सहितको सुत्केरी आमा घर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६६. घरमा प्रसुती हुने कार्यलाइ निरुत्साहित (Zero Home delivery) गरी स्वास्थ्य संस्थामा प्रसुति गराउने महिलाहरूको प्रतिशतमा वृद्धि गर्न प्रसुती केन्द्रहरूलाई व्यवस्थित र प्रभावकारि बनाइनेछ ।

६७. स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाई मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६८. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रर्वद्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याउने रणनीति अवलम्बन गरिनेछ ।

६९. विद्यालयमा विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था गरी किशोर किशोरीहरुलाई उचित परामर्शको व्यवस्था गरिनेछ ।

७०. स्वास्थ्य संस्थाहरुमा क्रमश बालमैत्री, पोषणमैत्री, किशोरकिशोरी तथा अपाङगता मैत्री लगायतका सेवा क्रमशः विस्तार गरिनेछ ।

७१. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई थप प्रभावकारी बनाउन प्रोत्साहन तथा भ्रमणको व्यवस्था गरिनेछ ।

७२. जोखिममा रहेका र वञ्चितिकरणमा परेका जनताको स्वास्थ्य सम्बन्धी विशेष आवश्यकता पूरा गरी उनीहरूको स्वास्थ्य सेवा माथिको समतायुक्त पहुँच एवम् उपयोग सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

७३. महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यान्वयन गरिनेछ । साथै महामारी तथा प्राकृतिक प्रकोपको व्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरिनेछ।

७४. उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मृगौला लगायतका नसर्ने रोगको पहिचान, परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइनेछ।

७५. बजार क्षेत्रबाट निस्कने फोहोरको उचित व्यवस्थापन गरी वातावरणीय प्रदुषण कम गर्नुका साथै सरुवा रोगको नियन्त्रण गर्ने कार्यलाई समेत प्राथमिकता दिइनेछ।

७६. सुरक्षित मातृत्व र रोग नियन्त्रणका लागि पाठ्य घरको मुखको क्यान्सर रोकथामका लागि १० देखि १४ वर्ष उमेरका किशोरीहरुलाइ निःशुल्क HPV खोपको व्यवस्था गरिने छ।

७७. क्षयरोग र कुष्ठरोग मुक्त पालिका घोषणा गर्न आवश्यक क्रियाकलाप गरिनेछ।

७८. नसर्ने रोग, सडक दुर्घटना तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसन लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिने छ।

७९. नगरपालिकाको स्वास्थ्य ऐन र नीतिको प्रभावकारी कार्यन्वय गरिनेछ। साथै, समय अनुसार आवश्यक कानुन निर्माण गर्ने र आवश्यकता अनुसार परिमार्जित गरिनेछ।

८०. स्वास्थ्य बीमा कार्यक्रममा आम नागरिकहरूलाई आवद्ध गरि सुलभ स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । रोजगारीमा रहेका व्यक्तिका घरपरिवारलाई अनिवार्य स्वास्थ्य विमा कार्यक्रममा जोडिने छ । भने द्वन्द प्रभावित तथा विपन्न परिवारका नागरिकलाई निःशुल्क स्वास्थ्य विमामा आवद्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८१. स्वास्थ्य सुचना प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ । सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने, तथ्यांकको गुणस्तर सुधारको लागि नियमित तथ्यांक गुणस्तर परिक्षण (RDQA) र स्वास्थ्य कायक्रमहरूको (वार्षिक, अर्धवार्षिक र त्रैमासिक) समीक्षा कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

८२. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ।

८३. परम्परागत तथा वैकल्पिक चिकित्सा सेवा प्रवर्द्धन गर्दै नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गरिनेछ।

८४. गैर सरकारी वा निजी संस्थालाई प्रचलित कानुन बमोजिम स्वीकृती लिई गैर सरकारी वा निजी क्षेत्रको लगानी तथा स्वामित्वमा संचालन भएका संस्था वा क्लिनिकलाई आवश्यक नियमन गरिनेछ।

८५. नयाँ जलस्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको संरक्षण तथा मर्मत सम्भार गरी सबै वडाहरुमा (एक घर एक धारा ) सुरक्षित र शुद्ध खानेपानी आपूर्ति सुनिश्चित गरिनेछ।

८६. स्थानीय समुदायलाई खानेपानी र स्वच्छता कार्यक्रमहरुमा सक्रिय सहभागिताका लागि प्रोत्साहित गर्ने र खानेपानी र सरसफाई सम्बन्धी जनचेतना कार्यक्रमहरु संचालन गरिनेछ।

८७. पूर्ण सरसफाई युक्त टोल तथा वडा घोषणा कार्यक्रमलाई प्राथमिकताका साथ अवलम्बन गरिनेछ।

८८. नगरपालिकामा प्लाष्टिकजन्य पदार्थको प्रयोग न्यूनिकरण गर्न आवश्यक पहल गरिनेछ।

**(घ) पूर्वाधार, शहरी विकास र यातायात**

८९. सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउन आफ्नै भवन नभएका वडा कार्यालय र अन्य सरकारी संरचनाको भवन निर्माण कार्य अगाडि बढाइनेछ।

९०. नगरपालिकाको गौरबको आयोजनाको रुपमा विकास गर्न राडीज्यूला-दाजे-खदी-बारङ्गे, स्याला-रोकाजा सडक निर्माणको लागि प्रदेश र संघीय सरकारसँग आवश्यक पहल गरी तीव्रता दिइने छ। मोटर बाटो पुग्न नसकेका पाटागाउँ, पहाडा, छिमी लगाएतका दुर्गम वस्तीहरुमा मोटर बाटो पुर्याउने कार्यलाई निरन्तरता दिइनेछ।

९१. राप्ती राजमार्ग अन्तरगत नदुवा झारमारे साजेवगर नयाँडाँडा छेरेवगर सडक खण्डको निर्माण प्रक्रिया अगाडि बढाउन पहल गरिने छ।

९२. चिसापानी-राडि-नदुवा, छेरेबगर-गोतामकोट-नयाँडाँडा सडक तथा राडिज्यूला बजार क्षेत्रको सडक कालो पत्रे गरिनेछ।

९३. नदुवा-बार्खु-गोइरी-घेत्मा-ज्यामिरकोट सडक निर्माण कार्यलाई तिब्रताका साथ अगाडी बढाइनेछ।

९४. बाँकेज्यूला-वडा कार्यालय, भल्मा-चुनचुने, पुजाखोला-ठुलीबार्खु, तुसारे-स्यानीबार्खु सडकको स्तरोन्नती गरिनेछ।

९५. घारीखोला-मैडाडा-दाजे सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

९६. खदिलाई नमुना ग्रामीण वस्तीको रुपमा विकास गरिनेछ।

९७. राडि-खारखारा-दाजे-सुन्दरपानी-मैडाडा सडक स्तरोन्नती गरिनेछ।

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

९८. राडि-बटालागाउँ-कोट-मैडाँडा सडक स्तरोन्नती गरिनेछ।

९९. सघन शहरी विकास कार्यक्रम मार्फत बजार क्षेत्रलाई व्यवस्थित गरिनेछ।

१००. गोइरी, गत्तसैना, मन्काबगर, ज्यामिरकोट र ठुलीबार्खुको स्वास्थ्य सेवा केन्द्रको पूर्वाधार निर्माण गरिनेछ।

१०१. दुग्ध उत्पादन तथा संकलनको लागि पूर्वाधार निर्माण गरिनेछ।

१०२. नगरपालिकाका विभिन्न क्षेत्रमा आवश्यकता बमोजिम सार्वजनिक शौचालयहरु निर्माण गरिनेछ। विपन्न परिवारका लागि शौचालय सुधारको नीति लिइनेछ।

१०३. प्रचलित भवन निर्माण सम्बन्धि मापदण्ड अनुरुप निर्माण भएका तर नक्सा पास नगरिएका घरहरुलाई एक वर्षभित्रमा अभिलेखिकरण गरिनेछ।

१०४. सुरक्षित नागरिक आवास व्यवस्थापन गर्न आवश्यकताका आधारमा वडागत रुपमा कार्यक्रम लागु गरिनेछ। गत आर्थिक वर्षहरुमा जस्तै यस आर्थिक वर्षमा पनि **फुसको छानामुक्त** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०५. नगरपालिकाको प्रवेशद्वारहरुमा नगरपालिकाको चिनारी सहितको प्रवेशद्वार निर्माण गरिनेछ।

१०६. नगरपालिकामा शहिदहरुको सम्झना स्वरुप **शहिद स्मृति प्रतिष्ठान भवन** निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१०७. स्वच्छ सफा र पर्यावरणमैत्री नगरपालिका बनाउन सबै  सडकको छेउछाउ सार्वजनिक संस्थाको परिसरमा  र र प्रत्येक घर आगनमा एक व्यक्ति एक रुख हुने गरी विरुवा रोप्ने कार्यक्रम संचालन गरिने छ।

१०८. इलाका प्रहरी कार्यालय भवन निर्माण कार्य र कृषि तथा पशु सेवा केन्द्रका लागि जग्गा खरिद गरी भवन निर्माण कार्य अगाडि बढाइने छ।

१०९. नागरिकको जीवन चक्रमा हुने प्रत्येक जोखिम व्यवस्थापन गर्ने जिम्मेवारी राज्यको भएकोले सो जवाफदेहिता पूरा गर्न औपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध भए वा नभएको नियमन गर्ने व्यवस्था गरिने छ।

११०. विपन्न घर परिवारलाई आवासको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरी उक्त कार्यक्रम सञ्चालित वडाका कार्यक्रमलाई निरन्तरता दिदै नयाँ आवास निर्माण कार्य थालनी गरिनेछ।

१११. खारखारा, झिन्चौर, कालाखोला, जलिगार, दांग, साजेबगर, साइकुमारी लगायतका ठाउँमा मोटरेवल पुल निर्माणका लागि पहल गरिनेछ।

११२. फोहरमैला व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार भएको आधारमा ल्याण्ड फिल्ड साइट निर्माणको प्रक्रिया थालिनेछ।

११३. सामुदायिक तथा महिला भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

११४. नगरपालिकामा सुविधा सम्पन्न कभर्ड हल निर्माण गरिनेछ।

११५. नगरपालिका क्षेत्रमा सञ्चालन हुने हरेक आयोजनाहरुमा जनसहभागिता बनाउन योजना प्रभावित क्षेत्रका वासिन्दालाई अनिवार्य श्रमदानमा सहभागि गराइनेछ । सबै जनप्रतिनिधीहरु हरेक महिनाको एक दिन अनिवार्य श्रमदानमा सहभागी हुने नीति लिइनेछ । यस कार्यका लागि श्रम कार्यविधि बनाई कार्य अगाडि बढाइने छ ।

११६. बजार क्षेत्रभित्र जथाभावी सवारी साधन पार्कीङ्ग गर्ने कार्यलाई अन्त्य गर्न नगरपालिकाले तोकेको स्थान वा बस पार्कमा मात्र सवारी साधान पार्कीङ्ग गर्ने व्यवस्था मिलाइनेछ ।

११७. मनसुनजन्य विपद् र अन्य जोखिमलाई मध्यनजर गर्दै एकीकृत बस्ती विकास कार्यक्रम लागू गरिनेछ ।

११८. नगरपालिकामा रहेका सुकुम्बासीहरुलाई भू-स्वामित्व कायम गराउन पहल गरिनेछ ।

११९. खारखारा, पुजा खोला लगाएतका ठाउँमा मोटर पुल निर्माणको सम्भाब्यता अध्ययन गरी कार्य अगाडि बढाइने छ ।

१२०. लाता खोला, कौछे भयाउने, जंगार खोला, भेरी खोला, गोरीखोला लगाएतका ठाउँमा झोपु निर्माण कार्य अगाडि बढाइनेछ ।

१२१. जागे, भलखोला, त्रिवेणी, मन्कावगर, ज्यामिरे, दामाचौर, छरेवगर, खारखारा, राडीज्यूला, चौर, गत्तासैना, बोजाबारी, भल्म, बाँकेज्यूला, पिपलचौर, गिजागार खोला लगायतका ठाउँमा तटबन्धन गरिनेछ ।

१२२. नगरपालिकामा अधुरो रहेका आयोजनाहरु सम्पन्न गरिने छ ।

१२३. घरेलु हिंसा तथा लैंगिक हिंसामा परेका महिलाहरुको उद्धार तथा व्यवस्थापन गर्न महिला सेफ हाउस संचालन गरिने छ ।

१२४. आठविसकोट नगरपालिका वडा नं ११ को सिमबजार क्षेत्रको जग्गाको नक्सा र भोगचलनमा फरक परेकाले हाल साविक नापजाँच गर्ने व्यवस्था मिलाइने छ ।

**(ङ) समावेशीकरण**

१२५. लैङ्गिक समानता तथा महिला सशक्तिकरण, लैङ्गिक मुलप्रवाहिकरण र सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । सञ्चालित आयोजना तथा कार्यक्रममा कम्तिमा ४० प्रतिशत महिला र १० प्रतिशत अपाङ्गता, लक्षित समुदायको सहभागित सुनिश्चित गरिनेछ ।

१२६. जुनसुकै किसिमका महिला हिंसा विरुद्ध कठोर कदम चालिनेछ । महिला हिंसाको प्रमुख कारणको रुपमा रहेका पितृसत्तात्मक सोच,अशिक्षा, गरीबी, अभाव, अन्धविश्वास, पछौटेपन हटाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२७. संविधानले मौलिक हकको रुपमा सुनिश्चत गरेका महिला, दलित, जनजाति, अपाङ्गता , बालबालिका ,विपन्न वर्गसँग सम्बन्धित अधिकारको कार्यान्वयन गर्न विशेष जोड दिइनेछ ।

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

१२८. असल सामाजिक मूल्य मान्यताको संरक्षण एवं सम्वर्द्धन गरिनेछ। बालबिबाह गर्ने गराउने दुवैलाई कानुनको कठघरामा उभ्याइनेछ । बालविबाह, बहुविबाह, दाइजो, बोक्सीको आरोप, छुवाछुत एवं अन्य सामाजिक कुरीति अन्त्य गर्न विशेष सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२९. लक्षित वर्ग क्षेत्र एवं समुदाय केन्द्रित व्यवसायिक एवं सीपमुलक तालिमहरु सञ्चालन गरि त्यस्ता वर्गको सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ।

१३०. समाजमा कुसंस्कारको रुपमा रहेको बालबिबाहलाई न्युनिकरण गर्न चेतानामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३१. नगरपालिकालाई बालमैत्री बनाउन बालबालिका सम्बन्धी ऐन, २०७५ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले व्यवस्था गरे अनुरुपका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३२. टुहुरा अनाथ एवं संरक्षण विहिन बालबालिकालाई वैकल्पिक संरक्षण गर्न उचित व्यवस्थापनका लागि पहल गरिनेछ।

१३३. भुकम्प पछि हुने पुनर्निर्माणमा सबै व्यक्तिगत तथा सरकारी भौतिक संरचना समावेसीमैत्री बनाउन आवश्यक कार्यक्रम तथा पहल गरिनेछ।

१३४. महिला सशक्तिकरणका लागि प्रत्येक टोल तथा वडामा महिला समुह एवं समिति गठन गरि नगरपालिकामा सुचिकृत गर्न आवश्यक कार्यविधि बनाई कार्यान्वयन गरिनेछ। सुचिकृत सबै समुहलाई अनुशिक्षण तालिम दिइनेछ। प्रत्येक वडामा रहेका महिलालाई समितिमा आवद्ध गरि आयआर्जन सम्बन्धि तालिम दिइनेछ।

१३५. अपाङ्गता भएका व्यक्तिलाई सीपमुलक एवं व्यवसायिक तालिम मार्फत रोजगारीमा जोड दिइनेछ।

१३६. दलित समुदायको सशक्तिकरणका लागि दलित सशक्तिकरण ऐन जारी गरी दलित आयआर्जन कार्यक्रम संचालन गरिनेछ।

१३७. छुवाछुत विरुद्धको जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३८. लैगिक तथा घरेलु हिंसा न्युनिकरण गर्न चेतनामुलक कार्यक्रम गरिनेछ।

१३९. **"महिलासँग नगर उप प्रमुख"** कार्यक्रम संचानल गरिनेछ।

१४०. ज्येष्ठ नागरिक आफ्नै सन्तानबाट अपहेलित, घृणित, दुरव्यवहारले जोखिममा रहेको हुँदा समाजमा रहेका ज्येष्ठ नागरिकलाई सम्मानपुर्वक वातावरणमा जीउने अवस्था सुनिश्चित गर्न अन्तरपुस्ता सीप हस्तान्तरण लगाएतका चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

**(च) सहकारी, उद्धमशीलता र रोजगार**

१४१. सहकारी पद्धति नै समाजवादको आधार विन्दु भएकाले सहकारी मार्फत कार्य गर्ने शैलीको विकास गरिने छ ।

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

१४२. आठविसकोट नगरपालिकाभित्र कार्यक्षेत्र भई सञ्चालनमा रहेका ६८ वटा सहकारी संस्थाहरुको प्रर्वद्धन, प्रशिक्षण तथा विकास गरिनेछ । समस्याग्रस्त तथा निष्कृय सहकारी संस्थाहरुलाई कानुनी प्रकृया पुरा गरी खारेजी, एकिकरण तथा विघटन गरिनेछ ।

१४३. सीप विकास, उद्यमशिलता विकास, आयआर्जन तथा स्वरोजगारका कार्यक्रमहरु एकद्वार प्रणाली अन्तरगत सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

१४४. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको जीविकोपार्जनमा सुधार ल्याउनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४५. आर्थिक तथा वित्तिय साक्षरता सम्वन्धी अभिमुखिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४६. **"एक गाउँ एक उत्पादन तथा एक घर एक रोजगार"** नीति अवलम्बन गरिनेछ ।

१४७. आठविसकोटको समृद्धीका लागि जल जमिन र जवानीको सदुपयोग गर्न **युवासँग  नगर प्रमुख स्वरोजगार कार्यक्रम** संचालन गरिने छ ।

१४८. उद्योग तथा ब्यवसायमा जस्तै: अल्लो धागो तथा कपडा उत्पादन उद्योग, ढाका कपडा उत्पादन उद्योग, होजियरी उद्योग, सावुन/सोडा उद्योग जस्ता उद्योगहरुमा महिलाको सहभागिता बढाउनका लागि विशेष कार्यक्रम लागु गरिनेछ ।

१४९. नगरपालिकामा रहेका सीपयुक्त जनशक्ति तथा विशेष सीपको चाहना भएका व्यक्तिको तथ्यांक संकलन गरि सोही बमोजिमका कार्यक्रमहरु लागू गरिनेछ ।

१५०. हाल नगरपालिकाभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यवसायको क्षमता विकास गर्ने अभिप्रायले माग तथा आवश्यकताका आधारमा प्रविधिमा आधारित अनुदानका कार्यक्रमहरु सञ्चालन गरिने छन ।

१५१. गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम नगरपालिकाले आन्तरिकिकरण गरी रोजगारीका क्षेत्र विस्तार गर्न सीप विकास सम्बन्धी कार्यक्रमहरु प्रभाकारिताका साथ संचालन गरिनेछन । साथै सीपयुक्त जनशक्तिको नगरपालिका स्तरमै उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१५२. महिला उद्यमीद्धारा उत्पादित वस्तु तथा सेवाको प्रवर्द्धनका लागि साथै स्थानीय सीप कला साहित्य संस्कृतिसंग सम्बन्धित सीपमा आधारित (कृष्टल, गहना, चुरा, पोते/मसला उत्पादन उद्योग, जुस उत्पादन उद्योग, जुत्ता तथा चप्पल उद्योग) जस्ता सीप विकास तालिम सन्चालन गर्नका लागि सम्वर्द्धन र प्रवर्द्धनका साथै उद्यमीको क्षमता अभिवृद्धि गर्नका लागि तालिम सन्चालन गरिनेछ ।

१५३. व्यवसायिक फर्म, पसल दर्ता, अनुमति नविकरण तथा खारेजीको सहज व्यवस्था मिलाइनेछ ।

१५४. गाउँ तथा समाजमा उद्यमशील संस्कृतिको विकास गर्न तथा गराउनका लागि सचेतनामुलक उद्यमशीलता विकास तालिमहरुमा जोड दिईनेछ ।

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

१५५. श्रमको लागि वैदेशिक रोजगारमा जाने युवा वर्गको माग तथा आवश्यकता अनुसारका सीप विकास गरिनुका साथै सीप परिक्षणका लागि समेत पहल गरिनेछ।

१५६. नयाँ लघु घरेलु तथा साना उद्योगको विकासका लागि स्थानीय सहकारी संस्थाहरुसित समन्वय र सहकार्यमा विशेष जोड दिइनेछ।

१५७. उत्कृष्ट व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

१५८. स्थानीय उत्पादनको बजारीकरणका लागि मेला महोत्सवको प्रवर्द्धन गरिनेछ।

१५९. लघु घरेलु तथा साना उद्योग तथा व्यवसायहरुको तथ्यांक संकलनबाट आवश्यकता र समस्याहरुको पहिचान गरी भावि रणनीति तय गरिनेछ।

**(छ) वन तथा जडिबुटी, जलस्रोत र सिचाई**

१६०. **"दिगो वन, समृद्ध जीवन"** भन्ने मूल नारालाई साकार पार्न म्याद गुज्रिएका सामुदायिक वन उपभोक्ता समिति पुनर्गठन गरी सामुदायिक वन व्यवस्थित गर्न पहल गरिनेछ।

१६१. संघ र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा जडिवुटि प्रशोधन केन्द्र स्थापना गरिनेछ।

१६२. नीजि सहकारी र नगरपालिकाको संयुक्त लगानीमा जलविद्युतको सम्भावना भएका ठाउँको अध्ययन गरी उत्पादन गर्ने प्रक्रिया अगाडी बढाइनेछ।

१६३. नगरपालिकाले जलविद्युतको क्षेत्रमा लगानी गरी सबै नगरवासी घर परिवारलाई शेयर होल्डर बनाउने कार्यको थालनी गरिने छ।

१६४. स्यार्पु हाइड्रो कम्पनीमा नगरपालिकाले लगानी गर्न आवश्यक नीतिको अवलम्वन गरिनेछ।

१६५. पानीका स्रोतहरु, संवेदनशील एवं संकटासन्न र जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण गर्ने, मुहान संरक्षण गरी व्यवस्थित खानेपानी तथा सिँचाइको व्यवस्थापन गरिनेछ।

१६६. नगरपालिकाभित्रका सवै नागरिहरुलाई सफा खानेपानी व्यवस्था मिलाउन सम्भाब्यता अध्ययन गरिनेछ। एक घर एक धारा खानेपानी आयोजना सम्पन्न भएका वडा तथा गाउँहरुलाई पूर्ण सरसफाइ युक्त गाउँ बनाउने कार्यलाई अवलम्वन गरिनेछ।

१६७. **गोतामकोट वृहत खानेपानी, दाजे वृहत खानेपानी, राडिज्यूला वृहत खानेपानी** आयोजना संचालन गरिने छ।

१६८. लामातरा वयाल्ले, आप्रेखोला, सेरा, राडिज्यूला, खारखारा, घारीखोला, गैरीचौर, नरखोला, रोटेपानी, होली, गोताममकोट, ओखरपाटा बाँकेज्यूला, पिपलज्यूला, चोभाखोला, पारापानी, औल, ढुङ्गिला, भल्म सोता र चौरबगरमा लिफ्ट सिँचाइ लगाएतका क्षेत्रमा सिँचाइको प्रवन्ध मिलाइनेछ।

**(ज) उद्योग र खानी**

१६९. नीजि, सहकारी र नगरपालिकाको संयुक्त लगानीमा स्थापना भएका सवै उद्योगहरुलाई संचालनमा ल्याई थप रोजगारी सिर्जना हुनेगरी उद्योगको स्थापना र संचालन गरिने छ।

१७०. लगानी साझेदारी मोडेल मार्फत रुग्न उद्योगहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ।

१७१. संघ र प्रदेशसँगको सहकार्यमा वस्तु विकास प्रशिक्षण कक्ष, कोशेली घर र औद्योगिक ग्राम संचालनमा ल्याइनेछ।

१७२. फलफूलमा आधारित उद्योग तथा वन पैदावारसँग सम्बन्धित उद्योगको क्षमता वृद्धी गरी रोजगारी सिर्जना हुने र किसानलाई प्रत्यक्ष मुनाफा हुने व्यवस्था मिलाइनेछ।

१७३. संघ र प्रदेशसँगको सहकार्यमा नगरपालिकामा भएका फलाम खानी, तामा खानी र अन्य खानीहरुको उत्खनन कार्य अगाडी बढाइने छ।

**(झ) सूचना, संचार र विद्युत**

१७४. नगरपालिकाका सबै सरकारी कार्यालयहरुको सेवा प्रवाह चुस्त दुरुस्त बनाउन सूचना प्रविधीमैत्री बनाइनेछ। जसको लागि सबै सरकारी कार्यालयहरुमा कम्प्युटर, इन्टरनेट, CCTV, डिजिटल हाजिरी लगाएतका उपकरणहरु जडान गरिनेछ।

१७५. यस नगरपालिकालाई डिजिटल नगरपालिका बनाउनका लागि सफ्टवयर (डिजिटल नागरिक वडापत्र, बैठक व्यवस्थापन प्रणाली, व्यवसाय दर्ता/नविकरण प्रणाली, सिफारिस प्रणाली, अपाङ्गता परिचय पत्र) खरिद गरिनेछ।

१७६. यस आठविसकोट नगरपालिकामा पर्ने वडा कार्यालयहरु र सेवा केन्दहरुमा विद्युतिय हाजिरी र cctv जडान गर्दै लगिनेछ।

१७७. आठविसकोट नगरपालिकाका १४ वटै वडा कार्यालय, स्वास्थ्य कार्यालय, सेवा केन्द्र र सामुदायिक विद्यालयहरुमामा फाइबर नेट जडान गर्न पहल गरिनेछ।

१७८. प्रत्येक माध्यमिक तहका सरकारी विद्यालयमा नगरपालिकाद्वारा वेभसाइटको व्यवस्था गरिनेछ।

१७९. प्रत्येक वडाका कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

१८०. स्थानीय तहबाट प्रदान गरिने सबै सेवालाई सूचना प्रविधीमैत्री बनाउन पहल गरिनेछ।

१८१. सञ्चारकर्मीको पेशागत हकहित र सुरक्षाका लागि स्थानीय तहमा रहेका संचार माध्यम र संचारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि प्रोत्साहन गर्नुका साथै विज्ञापन तथा अन्य गतिविधि प्रकाशन प्रसारण गर्न आवश्यक नीति लिइनेछ।

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

१८२. नगरपालिकाको समग्र आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक चिनारी सहितको पहिचान झल्काउन डिजिटल प्रोफाइल निर्माण गरिनेछ।

१८३. नेटीलेख र नयाँडाँडामा रहेको टेलिफोन टावरको क्षमता वृद्धि गरी थप नयाँ ठाउँमा समेत टेलिफोनका टावर निर्माण कार्य अगाडि बढाइनेछ।

१८४. नगरपालिकाका सवै सवारी साधानहरुलाई व्यवस्थित सञ्चालन गर्न GPS जडान गरी प्रभावकारी ढङ्गले नियमन गरिनेछ।

१८५. नगरपालिकाको राडी, सिमबजार, खदी, गोतामकोट, दाजे लगायतका घना बस्ती विकास भईरहेका क्षेत्रमा सौर्य बत्ती र CCTV जडान गरिनेछ।

१८६. स्थानीय पत्रकारहरुको क्षमता विकासका लागि तालिमको व्यवस्था गरिने छ।

**(ञ) न्यायिक कार्य**

१८७. नगरपालिका भित्रको न्यायिक कार्यलाई व्यवस्थित गरि छिटो छरितो न्यायिक निरुपण गर्न न्यायिक समितिको क्षमता अभिबृद्धी गराइने छ।

१८८. न्यायिक समितिको संस्थागत क्षमता सुधार गरी न्यायमा पहुँच कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

१८९. **"ढिलो न्याय दिनु, न्याय नदिनु सरह"** हो भन्ने मान्यतालाई आत्मसात गरी न्यायिक समितिबाट सम्पादन हुने न्याय सम्पादन प्रकृयालाई छिटोछरितो, निष्पक्ष र प्रभावकारी बनाईनेछ। प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र गठन गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याईनेछ।

**(ट) धर्म, संस्कृति, कला, साहित्य, इतिहास तथा पर्यटन**

१९०. नगरपालिका भित्रको परम्परागत धर्म, मौलिक कला, संस्कृति, साहित्य र इतिहासको संरक्षण तथा प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।

१९१. सबैले आ-आफ्नो गच्छे अनुसारको धर्म मान्न पाउने र विभिन्न धार्मिक समुदायका वीच सहिष्णुताको वातावरण सिर्जना गरिनेछ।

१९२. लोक गीत तथा लोक नाच जस्ता परम्परागत भाका तथा शैली हाम्रा अमूल्य सम्पति भएकाले बचाइ राख्न रेकर्डिङको व्यवस्था मिलाइने छ, नगरपालिका भित्र मनाइने पर्व, मेला, जात्रा, महोत्सव जस्ता साँस्कृतिक तथा धार्मिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गरिने कार्यक्रम सञ्चालन गरिनेछ।

१९३. नगरपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यटकीय संभावना बोकेका क्षेत्रको DPR तयार गरी पर्यटकीय स्थलको विकास गर्न पहल गरिनेछ।

१९४. ओलीहरुको उद्गम स्थल **चित्रीपाटन,** गौतमहरुको उद्गम स्थल **गोतामकोट, झारमारे, साईकुमारी, काँडा दह, सिस्ने हिमाल, सम्पेताल, नयाँडाडा, मैडाडा, विजारे, रातामाटा, मैराजे, बन्चरे, मौराखारा,**

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

**साततले गुफा, लामकाने गुफा, कुरेपानी र ठूलाकोट दरवार क्षेत्र** लगायतका पर्यटकीय स्थलमा गोतामकोटसंघ र प्रदेश सरकार समेतको समन्वयमा आवश्यक पर्यटनका पूर्वाधारहरु विकास गरिनेछ।

१९५. **साइकुमारी, आत्रेय ऋषि, बिजारे, शिद्ध मन्दिर, कालिका मन्दिर, लाता मन्दिर** लगाएतका धार्मिक महत्व बोकेका मठमन्दिरहरुको संरक्षण गरिने छ भने चर्च भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१९६. **रामघाट मन्दिर र शाही ढुङ्गा मन्दिर क्षेत्रमा स्टोन पार्क** स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

१९७. मैडाडाँ, बिजारे, झारमारे, साइकुमारी, काँडा दह, सिस्ने हिमाल, चित्रीपाटन, नयाँडाडा, सुम्पे चौर, गोतामकोट हुदै छिमीसम्मको **गुरिल्ला पदमार्ग** निर्माण गरिनेछ।

१९८. नयँडाँडा मैडाडा झारमारे मैराजे रातामाटा बन्चरे लगाएतका क्षेत्रलाई पिक्निक पार्कको रुपमा विकास गरिने छ ।

१९९. नाखिरा, दारङ्गे, मैनपेल्ने, बारी बाटुली पाटन, घाग्रे, चाल्ने, गुप्तादह वारङ्गे पदमार्गको निर्माण गरी सिस्ने हिमालको मनोरम दृश्य अवलोकन गर्ने व्यवस्था मिलाइनेछ।

२००. स्थानीय कला संस्कृतिको प्रवर्द्धन गर्न वर्षमा एक पटक वृहत साँस्कृतिक प्रदर्शनी गरिनेछ।

२०१. आठविसकोट नगरपालिकाको वडा नं. ४ र ५ को गोतामकोट, वडा नं. ३ खदी र वडा नं. १ ओख्लेमा होमस्टे संचालन गर्न प्रोत्साहित गरिनेछ । होमस्टे संचालनको लागि जनशक्ति उत्पादन गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२०२. महान १० वर्षे जनयुद्धको उद्गमस्थल रुकुमको राडी र अन्य जनयुद्धका ऐतिहासिक क्षेत्रको प्रवर्द्धनको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

**(ठ) विपद् व्यवस्थापन**

२०३. **"विपद्को सारथी नगर सरकार"** भन्ने नारालाई कार्यान्वयनमा ल्याइनेछ।

**२०४.** विपद्को उच्च जोखिमता र मनसुनजन्य विपद्लाई मध्यनजर गर्दै यस आठविसकोट नगरपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद्को उद्दार कार्यलाई छिटोछरितो र प्रभावकारी ढंगले संचालन गर्न चौविसै घन्टा सम्पर्क र परिचालन हुनेगरी **आपतकालीन कार्य संचालन केन्द्र** (LEOC) स्थापना गर्ने र विपद्का लागि आवश्यक पर्ने रकम प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

**२०५.** विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन अनुकुलनसंग सम्बन्धित **"पूर्व तयारी तथा प्रतिकार्य योजना"** विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि र विपद् व्यवस्थापन ऐन निर्माण तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।

**२०६.** विपद्को समयमा तत्काल खोज तथा उद्दार कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

**२०७.** भुकम्पका कारण संवेदनशिल, संकटासन्न एवं जोखिममा रहेका स्थानहरुको एकीन गरि वस्तीहरुलाई उपयुक्त ठाउँमा स्तानन्तर गरिनेछ।

**२०८.** आठविसकोट नगरपालिकाको विपद् जोखिमको नक्सांकन गरिने छ।

**(ड) सुशासन र संस्थागत विकास**

२०९. नगरपालिका मातहतका सबै कार्यालयहरुको नियमित अनुगमन गरी कर्मचारीहरुको मनोवल बढाउने (प्रोत्साहन भत्ता र उत्कृष्ट कर्मचारी पुरस्कार) तथा सुशासन कायम गर्न सामाजिक परिक्षण कार्यलाई प्राथमिकता दिइने छ।

२१०. मुस्कानसहितको सार्वजनिक सेवाप्रवाह नगरपालिकाको मुलभुत आदर्श हुनेछ। कार्यालयमा सेवाग्राही सन्तुष्टि अवस्था अभिलेखिकरण गर्न उपयुक्त सुझाव कार्यान्वयन गरिनेछ। सरल, सहज र नियमित रुपमा सूचना उपलब्ध गराई सूचनाको हकको प्रत्याभूति गराइनेछ। पारदर्शिता र जन उत्तरदायित्व एवम् सुशासन प्रवर्द्धनका लागि नगर कार्यपालिकाको कार्यालय र सो मातहतका सबै निकायले त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाईनेछ। सभा, सम्मेलन, बैठक लगायतका औपचारिक कार्यक्रमहरु निर्धारित समय मै सुरु र अन्त्य गर्ने संस्कारको विकास गरिनेछ।

२११. गत आ.व. मा नमूना वडाको रुपमा घोषणा गरिएको १२ नं. वडालाई नमूना वडा वनाउने कार्यक्रमको निरन्तरता दिदै वडा नं ३ लाई समेत नमूना वडा घोषणा गरी लक्षित कार्यक्रम संचालन गरिने छ।

२१२. ग्यास, डिजेल, पेट्रोल, मट्टितेल, मदिरा जस्ता पदार्थहरुको  खुल्ला बेचविखनलाई प्रतिबन्ध गरिने छ र निश्चित मापदण्ड तोकी विक्रीवितरण कार्यलाई व्यवस्थित गरिने छ।

२१३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA),** स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन **(FRA)** तथा स्थानीय आर्थिक विकास मूल्याङ्कन **(LED)** प्रणाली र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको नीतिलाई थप व्यवस्थित गरिनेछ।

२१४. सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गरी जनताको घर दैलोबाट बैंकिङ्ग सेवा संचालन गर्न बैंकसंग साझेदारी गरी स्यालाखदी र गोतामकोटमा बैंक काउण्टरको स्थापना गर्न पहल गरिनेछ।

२१५. नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गामा सरकारी संरचना निर्माण गर्न आवश्यक नीति अवलम्वन गरिने छ।

२१६. नगरपालिका र मातहतका वडा कार्यालयहरुको नाममा रहेका सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन र अन्य भौतिक सम्पत्तिहरुको एकिकृत विवरण तयार गरी सरकारी सम्पत्ति संरक्षणको कार्यलाई व्यवस्थित गरिनेछ।

२१७. नगरपालिकाका रणनीतिक महत्वका आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययन सहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ। संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा यस अघि नै विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएका आयोजनाहरुको निर्माण कार्य अघि बढाइनेछ।

२१८. अन्धाधुन्दा बजेट विनियोजन हुने प्रवृत्तिलाई अन्त्य गर्न मागको आधारमा नभई आवश्यक्ताको आधारमा बजेट विनियोजन गर्ने नीति अख्तियार गरिनेछ । साना र प्रतिफल नदिने, फजुल खर्च हुने आयोजनाहरुमा बजेट विनियोजन गरिने छैन । लगानी गर्दा प्रतिफल प्राप्त हुने कुरालाई सुनिश्चित गरिनेछ ।

२१९. सबै वडाहरुमा प्रशासनिक तथा पुँजीगत बजेट निश्चित मापदण्डको आधारमा विनियोजन गरिनेछ । दामासाही किसिमले बजेट विनियोजन गर्ने प्रवृत्तिलाई अन्त्य गरिनेछ । संघ र प्रदेश सरकारबाट विनियोजित बजेटमा दोहोरो पर्ने किसिमले बजेट विनियोजन गरिने छैन । वडागत बजेट विनियोजनको मापदण्डमा वडाको आन्तरिक राजस्व क्षमता र राजस्व संकलनको प्रयासलाई पनि समावेश गरिनेछ ।

२२०. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागिता तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । वडा स्तरीय एवम् नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको दक्षता अभिवृद्धिको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२२१. नगरपालिकाको कार्यसम्पादनलाई छिटो छरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचार विरुद्ध कठोर कदम चालिनेछ । सिर्जनशीलतालाई प्रोत्साहन, उत्कृष्टलाई पुरस्कार र खरावलाई दण्डको मान्यता अनुरुप उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक, शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिलाई पुरस्कृत गरिनेछ । कार्यसम्पादनलाई परिणाममुखी बनाउन कार्यसम्पादन करार सम्झौता गरी सुचकहरुको आधारमा मुल्याङ्कन गर्ने व्यवस्था मिलाईनेछ ।

२२२. जन प्रतिनिधि तथा स्थानीय सरकार अन्तरगत काम गर्ने कर्मचारी, नगर प्रहरी, शिक्षक सबैलाई कार्यसम्पादन, जनसम्बन्ध, प्रशासन लागयतका विषयमा तालिम दिने, अनुगमन गर्ने, दण्ड र पुरस्कारको व्यवस्था गर्ने, मासिक समिक्षा तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । स्थानीय तहको संस्थागत क्षमता स्वःमूल्याङ्कन पद्धति, नमूना कार्यालय मापदण्ड, आन्तरिक नियन्त्रण प्रणाली लगायतका कार्यसम्पादन स्तर मापन गर्न विकास गरिएका प्रणाली र कानुनी व्यवस्थाहरुको कडाइका साथ कार्यान्वयन गरिनेछ । नगरपालिकाले निर्माण गरेका कानुनहरुको संशोधनका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२२३. नगरपालिकाको संगठन संरचना र दरबन्दी विवरण अनुसार कर्मचारीको व्यवस्था गरिनेछ । यस नगरपालिकाको कार्य प्रकृति र कार्य बोझ तथा औचित्यताको आधारमा आवश्यक पर्ने जनशक्ति आँकलन सम्बन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परिक्षण कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

२२४. आठविसकोट नगरपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने गैरसरकारी संघ संस्थाहरुले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रुपमा नगर कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिनेछ ।



आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

२२५. संघीय तथा प्रदेश सरकार एवम् विभिन्न गैरसरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा भूकम्पीय तथा अन्य विपद् तयारी, पुनस्र्थापना पुनर्निर्माणका कार्यहरु सञ्चालन गरिनेछ । द्धन्द्ध प्रभावित व्यक्तिहरुको सामुदायिक समावेशीकरणको लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

२२६. शान्ति सुरक्षालाई थप मजबुद बनाउन नगरपालिकाको क्षेत्राधिकारका कार्यक्रम कार्यान्वयनमा नगर प्रहरीको भूमिका महत्वपूर्ण हुन्छ । नागरिक सुरक्षा न्यायिक समितिका निर्णय कार्यान्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा तथा विपद् व्यवस्थापन र विकास निर्माणमा नगर प्रहरी परिचालन गरिनेछ ।

२२७. नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ । १ र २ नं. वडा कार्यालयको आफ्नै भवनबाट यसै आ. व. देखि सेवाप्रवाह हुने व्यवस्था मिलाइनेछ । अन्य वडाका कार्यालय भवनहरु क्रमश: निर्माण गरिनेछ ।

२२८. आन्तरिक राजस्वको दायरा फराकिलो गरि राजस्वको विविधिकरण एवम् विस्तारीकरणमा जोड दिइनेछ । प्रगतिशील करको सिद्धान्त अनुसार करको दर र दायरा निर्धारण हुने नीति अवलम्बन गरिनेछ । एम्बुलेन्स, स्काभेटर, व्याक हो लोडर, टिप्पर सञ्चालन कोष स्थापना गरि व्यवस्थित गरिनेछ ।

२२९. स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) को राजस्व मोड्युलबाट राजस्व संकलन दाखिला तथा प्रतिवेदन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । करको महत्व र उपयोगिताबारे जानकारी गराई आन्तरिक राजस्व संकलन कार्यमा सहजता ल्याउन यस नगरपालिकाका १४ वटै वडाहरुमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । करदाता पोर्टलको बारेमा जानकारी गराई लगती राजस्व करदाताले घरैबाट तिर्ने व्यवस्था मिलाइनेछ ।

२३०. यस नगरपालिकामा गठन भएका महिला, दलित तथा अन्य लक्षित वर्ग विशेषको समूह, सहकारी तथा संस्था दर्ता नविकरणमा ५० प्रतिशत छुट दिने गत आर्थिक वर्षको नीतिलाई निरन्तरता दिइनेछ । नगरपालिका क्षेत्रमा मदिराजन्य पदार्थको कारोवारलाई करको दायरामा ल्याइनेछ ।

२३१. नगरपालिका क्षेत्रमा भएका नदी, खोला नाला र खानी तथा नीजि जग्गाहरुबाट भईरहेको नदी तथा खानीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, प्राकृतिक स्रोत, जीवजन्तु तथा जडिबुटीको अनियन्त्रित दोहन र चोरी निकासीलाई प्रचलित कानुन बमोजिम कार्यविधि बनाई करको दायरामा ल्याइनेछ । नदि तथा खानिजन्य पदार्थमा लाग्ने दहत्तर बहत्तर कर लगायतका आन्तरिक राजस्व संकलनमा नगर प्रहरीलाई समेत जिम्मेवार रुपले थप क्रियाशिलता बनाई परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३२. जाजरकोट भुकम्पका कारण करदातामा परेको असरलाई मध्येनजर गर्दै सम्पत्ति करमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाइनेछ । करदाताहरुको विवरण अद्यावधिक गरि नियमित रुपमा कर तिर्ने करदातालाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ । सेवा प्रवाह गर्दा नियमानुसारका कर तिरेको हुनुपर्ने बाध्यकारी व्यवस्था गरिनेछ ।

२३३. आन्तरिक र अन्तिम लेखा परिक्षण कार्य प्रभावकारी रुपमा गराइनेछ । समयमा नै बेरुजु फछ्र्यौट गर्ने कार्यलाई कडाइका गर्नुका साथै कानुनी दायरामा ल्याइनेछ ।

२३४. नगरपालिका क्षेत्रमा निर्माण हुने घरहरुमा अनिवार्य नक्सापास गर्ने नीतिलाई निरन्तरता दिइनेछ । नक्सापास नगरी निर्माण भएका घरहरुको अभिलेखिकरण गरि घरहरुको तथ्याङ्क अद्यावधिक गरिनेछ । नगरपालिका क्षेत्रमा घर तथा जग्गा वहालमा दिएका घर तथा जग्गा धनीहरुको विवरण संकलन गरी करको दायरामा ल्याउने कार्यलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

२३५. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई तालिम र क्षमता विकास कार्यलाई निरन्तरता दिइने छ ।

**(ढ) समन्वय तथा सहकार्य**

२३६. समग्र नगरपालिकाको विकासका लागि संघ, प्रदेश सरकारका कार्यालयहरु तथा अन्य गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ ।

२३७. यस नगरपालिकामा निर्माण हुने संघीय तथा प्रदेशका आयोजनाहरुलाई गुणस्तरीय वनाउन स्थानीय तहको अनुगमन र सिफारिस हुने व्यवस्था मिलाइने छ ।

२३८. यो नीति तथा कार्यक्रम निर्माणमा विशेष मार्गदर्शन गर्नु हुने नेपाल सरकारका पूर्व अर्थमन्त्री तथा प्रतिनिधि सभा सदस्य माननीय जनार्दन शर्मा (प्रभाकर) ज्यू, कर्णाली प्रदेश सरकारका निवर्तमान मूख्यमन्त्री माननीय राजकुमार शर्मा ज्यू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला मन्त्री माननीय महेन्द्र के.सी. (पारसमणी) ज्यू, जिल्ला समन्वय समितिका प्रमुख श्री लुम्बिनी गौतम ज्यू, कर्णाली प्रदेश सरकारका पूर्व अर्थमन्त्री गोपाल शर्मा (अनल) ज्यू, पूर्व कृषि तथा सहकारी मन्त्री विमला के.सी. ज्यू, कर्णाली प्रदेश सरकारका पूर्व मन्त्री रातो कामी (आर.टी.)ज्यू, आठविसकोट नगरपालिकाको समृद्धिमा अहोरात्र खटिइ रहनु भएका पूर्व नगर प्रमुख गोर्ख बहादुर के.सी. (सन्देश) ज्यू लगायतका यस नगरपालिकाका जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मी र यो नीति तथा कार्यक्रम निर्माणका क्रममा अमूल्य सल्लाह सुझाव दिनु हुने सम्पूर्ण सरोकारवालाहरुलाई यो अवसरमा नगरवासीको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

**अन्त्यमा,**

नगरपालिकाको समृद्धि, विकास र उन्नतिमा निरन्तर सहयोग गर्ने, सद्भाव राख्ने आम नागरिक, करदाता, सरकारी/गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सकारात्मक सहयोग हुनेछ भन्ने अपेक्षा गर्दछु ।

मिति : २०८१/०३/१० गते

---------------- धन्यवाद -------------